निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ व २०८२।०८३ को बार्षिक निति तथा कार्यक्रम सर्वसम्मत रुपमा स्विकृत गर्दै सभाध्यक्ष मार्फत अनुमोदनको लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आर्थिक बर्षको बार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा यस अगाडीको कार्यपालिकाको बैठकले सिमा तथा मार्गनिर्देशन निर्धारण गरि वडागत रुपमा योजना तथा कार्यक्रम पेश गर्न भनिए बमोजिम वडाहरुबाट प्राप्त योजना तथा कार्यक्रम संकलन गरि बार्षिक विकास कार्यक्रम तर्जुमा प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत गरियो ।

क. लुम्बिनी प्रदेश सरकार,मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र यस तिनाउ गाउँपालिका बिच सम्झौता भई मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत ***समुदायमा आधारित कृषि पर्यटन (होमस्टे प्रवर्द्धन) परियोजना*** सम्झौता अनुरुप सम्पन्न भएकोले सम्पन्न प्रतिवेदन अनुरुपको रकम निकासाको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,राप्ती उपत्यका देउखुरी दाङ लाइ सिफारिस तथा अनुरोध गर्ने ।

ख. यस तिनाउ गाउपालिकाको बार्षिक स्विकृत कार्यक्रम उत्पादनमा आधारित अनुदान (कृषि,पशु र दुध) उपलब्ध गराउने प्रयोजनार्थ माग अनुरुप उपलब्ध गराउनु पर्ने अनुदानको लागि रकम पर्याप्त नभएकोले व्यवसायिक कृषि तथा पशुपालन व्यवसायी प्रोत्साहन व्याजमा अनुदान कार्यक्रम (संकेन नं ६१३.२१.१.५५) र उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम (संकेन नं ६१३.२१.१.६१) बाट खर्च व्यहोर्ने गरि देहायबमोजिमको अनुदान रकम उपलब्ध गराउने ।

<u>दुधको हकमा :</u>

श्री डुम्रे दुग्ध कृषि सहकारी संस्था लिमिटेडको प्रमाणित बिक्री विवरण ५९,६९८।९३ लिटर र श्री दोभान कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको प्रमाणित बिक्री विवरण २५,८६७।८० लिटर गरि जम्मा ८५,५६६।७३ लिटर दुधको प्रति लिटर रु.२।०० को दरले हुन आउने जम्मा रकम रु. १,७१,१३३।४६ ।

कृषि उपजको हकमा :

तिनाउ कृषि उपज संकलन तथा बिक्रि केन्द्र बुटवलको मिति २०८१।१०।०१ देखि २०८२।०२।३१ सम्म भएको कुल कारोबार रकम रु.१,२२,०२,८४०।८१ को ५% को दरले हुन आउने रकम रु.६,१०,१४२।०६ ।